## सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १ मा संशोधनः** सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ (यसपछि “मूल ऐन” भनिएको)को दफा १ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

“(१) यस ऐनको नाम “सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४” रहेको छ ।”

३. **मूल ऐनको दफा २ मा संशोधनः** मूल ऐनको दफा २ को,-

(१) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

“(ङ) "कार्यालय" भन्नाले प्रदेश प्रमुखको कार्यालय, प्रदेशसभा सचिवालय, प्रदेश संवैधानिक अंग तथा निकाय, प्रदेश सरकारका सबै मन्त्रालय, आयोग, सचिवालय, विभाग र ती निकाय मातहतका अन्य सबै सरकारी कार्यालय वा निकाय सम्झनु पर्छ ।”

(२) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

(झ) “सचिव” भन्नाले प्रदेश सभाका सचिव, आयोगका सचिव तथा प्रादेशिक मन्त्रालयका सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश अन्तर्गत गठित कुनै निकायको हकमा त्यस्तो निकायको सचिव वा प्रशासकीय प्रमुखका साथै प्रदेश सरकारका सबै मन्त्रालयका प्रशासकीय प्रमुख समेतलाई जनाउनेछ ।

(३) खण्ड (ष) पछि देहायको खण्ड (स) र (ह) थपिएका छनः-

“(स) “योजना आयोग” भन्नाले प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ ।

(ह) “वित्तीय उत्तरदायित्व” भन्नाले वित्त सम्बन्धी प्रतिफलमा सुधार गर्न, वित्तीय अनुशासन, पारदर्शिता तथा जवाफदेहिता कायम गर्न वहन गर्नुपर्ने जिम्मेवारी तथा सोबाट प्राप्त हुने प्रतिफलप्रतिको उत्तरदायित्व तथा परिपालन सम्झनु पर्छ ।”

४. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ। यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्नेछ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ ।"

५. **<u>मूल ऐनको दफा ६ मा संशोधनः</u>** मूल ऐनको दफा ६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि उपलव्ध हुने श्रोत तथा गर्न सकिने खर्चको सीमाको पुर्वअनुमान योजना आयोगले आर्थिक मामिला मन्त्रालयको समन्वयमा चालु आर्थिक वर्षको फाल्गुन मसान्त भित्र गरिसक्नु पर्नेछ ।

तर आ.व.०७८/०७९ को बजेट निर्माण गर्ने प्रयोजनको लागि यो समय सीमा लागु हुने छैन ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) को प्रयोजनका लागि योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक श्रोत अनुमान समिति रहनेछ।"

६. **<u>मूल ऐनको दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) योजना आयोगले श्रोत अनुमान समितिबाट निर्धारित श्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा र बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा निर्माण गरी चालु आर्थिक वर्षको चैत्र २५ गते भित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय र निकायमा निकायगत बजेट सीमा उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी सीमा र मार्गदर्शन पठाई सक्नु पर्नेछ। यस्तो मार्गदर्शन पठाउँदा आवधिक विकास योजना र त्रिवर्षीय खर्च संरचनालाई आधार मान्नु पर्नेछ ।

तर आ.व.०७८/०७९ को बजेट निर्माण गर्ने प्रयोजनको लागि बैशाख पहिलो हप्ता भित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय र निकायमा निकायगत बजेट सीमा उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी सीमा र मार्गदर्शन पठाई सक्नु पर्नेछ।"

७. **<u>मूल ऐनको दफा ९ मा संशोधनः</u>** मूल ऐनको दफा ९ को,-

(१) उपदफा (१) मा रहेका "एक महिना" भन्ने शब्दहरुको सट्टा "पन्ध्र दिन" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "एक महिना" भन्ने शब्दहरुको सट्टा "सात दिन" भन्ने शब्दहरु राखिएका छन् ।

८. **<u>मूल ऐनको दफा १० मा संशोधनः</u>** मूल ऐनको दफा १० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) योजना आयोगबाट प्राप्त बजेट सीमा र मार्गदर्शनको अधीनमा रही निर्धारित ढाँचामा आफू र आफ्नो मातहतका निकायको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी दफा ७ को उपदफा (३) बमोजिम निर्धारित समयसीमा भित्रै योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउने दायित्व सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको हुनेछ ।"

९. **<u>मूल ऐनको दफा ११ मा थपः</u>** मूल ऐनको दफा ११ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) आर्थिक मामिला मन्त्रालयको स्वीकृति बेगर कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिबद्धता जनाउनु हुँदैन तर आफ्नै कार्यालयको बार्षिक बजेटबाट दायित्व व्यवस्थापनको सुनिश्चितता भएको अवस्थामा स्वीकृति लिईरहनु पर्ने छैन ।"

१०. **<u>मूल ऐनको दफा १५ पछि दफा १५क. थपः</u>** मूल ऐनको दफा १५ पछि देहायको १५क. थपिएको छः-

"१५क. <u>आयोजनाको वर्गीकरण र आयोजना बैङ्कः</u> (१) प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्नेछ ।

(२) योजना आयोगमा प्रदेशस्तरको एक आयोजना बैङ्क रहनेछ ।

(३) उपदफा (२) बमोजिमको आयोजना बैङ्कमा योजना आयोगले तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्ट गराउनु पर्नेछ ।

(४) आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

११. **<u>मूल ऐनको परिच्छेद-८ मा संशोधनः</u>** मूल ऐनको परिच्छेद-८ को शीर्षकमा रहेका "वित्तीय जिम्मेवारी र जवाफदेहिता" भन्ने शब्दहरुको सट्टा "वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता" भन्ने शब्दहरु राखिएका छन् ।

१२. **<u>मूल ऐनको परिच्छेद-८ मा दफा ४०क. थपः</u>** मूल ऐनको परिच्छेद-८ मा दफा ४१ अघि देहायको दफा ४०क. थपिएको छः-

" ४०क. <u>वित्तीय उत्तरदायित्वः</u> यस ऐन बमोजिमको योजना छनौट गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, बजेट प्रस्ताव गर्ने, सरकारी सम्पत्तिको संरक्षण, व्यवस्थापन गर्ने गराउने, बजेट समर्पण गर्ने गराउने तथा योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य संवैधानिक अंग तथा निकायको हकमा सम्बन्धित संवैधानिक अंग तथा निकायको प्रमुखको र मन्त्रालय, सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्रीको हुनेछ ।"

१३. **<u>मूल ऐनको दफा ४२ मा थपः</u>** मूल ऐनको दफा ४२ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) आफ्नो कार्यालयको लागि विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च हुन नसकेमा सोको जिम्मेवारी संवैधानिक अंग तथा निकायको हकमा सम्बन्धित संवैधानिक अंग तथा निकायको प्रमुखले र मन्त्रालय, सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्री तथा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले लिनु पर्नेछ ।"

१४. **<u>रुपान्तरः</u>** मूल ऐनको ठाउँ ठाउँमा रहेका "आर्थिक मामिला तथा योजना मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "आर्थिक मामिला मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

प्रदेश सभाको सम्बत् २०७८ बैशाख ०५ गते आईतबारका दिन बसेको सातौ अधिवेशनको १९ औं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

..........................

माननीय अर्जुन बहादुर थापा

सभामुख

सुदूरपश्चिम प्रदेश

मिति :- २०७८/०१/०८

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

मिति :-......................... माननीय सर्मीला कुमारी पन्त